# सिस्ने गाउँपालिकाको निजि जग्गाको ढुङगा, गिट्टि, वालुवा, माटो आदि उत्खनन संकलन तथा ढुवानी व्यवस्थित गर्ने सम्बन्धमा बनेको कार्यविधि २०७८

**प्रस्तावना**

निजि जग्गाहरुलाई आवास, कृषि, गैरकृषि, व्यावसायिक वा गैर व्यावसायिक प्रयोजनका लागि व्यवस्थापन गर्ने तथा सो क्रममा उत्खनन हुने ढुङगा गिठी, वालुवा, माटो संकलन तथा ढुवानी गर्ने कार्यलाई नियमण तथा व्यवस्थित गर्ने वान्छनिय भएकोले स्थानिय सरकार संचालन ऐन २०७४ लुम्विनि प्रदेशको सरकाबाट नदीजन्य पदार्थ व्यवस्थापन गर्ने कार्यविधि २०७८ तथा यो कार्यविधि बनाई लागु गरीएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भ**

क. यस कार्यविधिको नाम निजि जग्गाको ढुङगा गिट्टी वालुवा माटो आदि उत्खनन संकलन तथा ढुवानी व्यवस्थित गर्ने सम्बन्धि कार्यविधि २०७८ रहेको छ।

ख. यो कार्यविधि सिस्ने गाउँपालिका बाट स्वीकृत भएको मितिदेखि लागु हुनेछ।

**२. परिभाषा र व्याख्याः**

**विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः**

(क) प्रमुख भन्नाले सिस्ने गाउँपालिकाको प्रमुख अध्यक्ष सम्झनुपर्दछ।

(ख) उप-प्रमुख भन्नाले सिस्ने गाउँपालिका उपाध्यक्ष सम्झनुपर्दछ।

(ग) प्रमुख प्रशासकीय अधिकृत भन्नाले सिस्ने गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्दछ।

(घ) गाउँपालिका भन्नाले सिस्ने गाउँपालिकाको कार्यपालिकालाई सम्झनु पर्दछ।

(ङ) निजि जग्गा भन्नाले कुनै व्यक्तिको हक भोगको जग्गा धनी दर्ता प्रमाण पूर्जा प्राप्त सम्झनुपर्दछ।

(च) इजाजतपत्र भन्नाले यस कार्यविधि वमोजिम प्रदान गरिने तोकिएको कार्य गर्न प्राप्त इजाजत पत्र सम्झनुपर्दछ।

(छ) शुल्क वा दस्तुर भन्नाले गाउँपालिकामा बुझाउनु पर्ने शुल्क वा दस्तुर सम्झनुपर्दछ।

(ज) गाउँ सभा भन्नाले सिस्ने गाउँपालिकाको गाउँ सभा सम्झनुपर्दछ।

(झ) कार्यदल भन्नाले यसै कार्यविधि बमोजिम गठित कार्य समुह सम्झनुपर्दछ।

**३. निजि जग्गा व्यवस्थापन**

(क) यस कार्यविधि अनुसार सिस्ने गाउँपालिका क्षेत्रभित्र रहेका निजि जग्गाहरु आवास कृषि वा गैरकृषि व्यावसायिक वा गैरव्यावसायिक प्रयोजनका लागि खन्ने, सम्याउने, पुर्ने वा चक्लाबन्दी गर्ने समेतको कार्य निजि जग्गा व्यवस्थापन हो।

**४. इजाजत नलिई जग्गा व्यवस्थापन गर्न नहुने**

(क) कसैले यस कार्यविधि बमोजिम इजाजतपत्र नलिई यस गाउपालिका क्षेत्रभित्र निजि जग्गा व्यवस्थापनको नाममा खनिज ढुँगा गिट्टि वालुवा आदि उत्खनन संकलन ओसार पसार तथा विक्रि वितरण गर्नुहुदैन।

(ख) कसैले दफा ४ (क) विपरीत इजाजत नलिई निजि जग्गा व्यवस्थापन गरेमा यसै कार्यविधिको दफा १५ बमोजिम दण्ड जरिवाना गरिने छ।

**५. इजाजतपत्रको लागि निवेदन दिनुपर्नेः**

(१) कुनै व्यक्ति वा संस्थाले यस कार्यविधि बमोजिम निजि जग्गा व्यवस्थापन गर्न चाहेमा प्रयोजन खुलाई निर्धारित ढाँचामा गाउँ कार्यपालिकाको कार्यालयमा निवेदन दिनुपर्नेछ।

(२) निजि जग्गा व्यवस्थापन गर्न निवेदन दिदा देहायका कागजात संलग्न गर्नु पर्नेछ।

(क) व्यवस्थापन गर्नु पर्ने जग्गाको जग्गाधनी प्रमाण पूर्जाको प्रतिलिपि।

(ख) सम्बन्धित जग्गाधनीको नागिकताको प्रमाणपत्रको प्रतिलिपि।

(ग) सँधियारहरु समेतको सर्जिमिन मुचुल्का चार किल्ला समेतको

(घ) प्रयोजन खुलेको सम्बन्धित वडाको सिफारिस पत्र

(ङ) गाउँपालिकाबाट स्वीकृत प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन

(च) व्यवस्थापन गर्न जग्गाको नापी नक्सा

(छ) जग्गा व्यवस्थापन गरे पश्चात देखिने जग्गाको स्वरुपको प्रस्तावित नक्सा

(ज) प्राविधिक प्रतिवेदन

**६. अनुमति लिनुपर्नेः**

(१) निजि जग्गा व्यवस्थापन गर्दा संकलन भएको ढुङगा, गिट्टी, वालुवा, माटो आदि ओसारपसार वा ढुवानी गर्दा गाउँपालिकाबाट अनुमति लिनुपर्नेछ। अनुमति लिदाँ देहायका कागजात संलग्न हुनुपर्नेछ।

(क) ढुवानी गर्ने व्यवसायीको व्यवसाय दर्ता प्रमाणपत्रको प्रतिलिपि

(ख) सम्बन्धित जग्गाधनी संग ढुवानी सम्झौता गरेको सम्झौतापत्र

(ग) ढुवानी गर्ने फर्मको कर दर्ता प्रमाणपत्र र पछिल्लो आर्थिक बर्षको कर चुक्ता प्रमाणपत्र

(घ)  ढुवानी गर्ने व्यवसायीको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि

**७. प्रारम्भिक वातावरणीय परिक्षण गर्नुपर्नेः**

(१)  १ रोपनी भन्दा बढि ९५०८.७२ वर्ग मि निजि जग्गा व्यवस्थापन गर्न चाहने कुनै व्यक्ति वा संस्थाले गाउँपालिकाको कार्यालयमा सूचीकृत परामर्शदाताबाट प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन तयार गरी गाउँपालिकामा पेश गर्नु पर्नेछ तर १ रोपनी भन्दा कम क्षेत्रफलको निजि जग्गा व्यवस्थापन गर्न भने IEE प्रतिवेदन अनिवार्य हुने छैन।

(२) दफा ७ (१) बमोजिम IEE प्रतिवेदन अध्ययन गरि सिफारिस गर्न देहाय बमोजिम सदस्य रहने गरी एक कार्यदल गठन गरिनेछ।

| | |
|---|---|
| (क) प्रमुख प्रशासकीय अधिकृत | संयोजक |
| (ख) पूर्वाधार विकास महाशाखा प्रमुख | सदस्य |
| (ग) वातावरण तथा विपद व्यवस्थापन महाशाखा प्रमुख | सदस्य |
| (घ) सम्बन्धित वडा कार्यालयको वडा सचिव | सदस्य |
| (ङ) स्थानिय वन कार्यालयका प्रमुख | सदस्य |
| (च) पुर्वाधार विकास महाशाखाका अन्तर्गत प्राविधिक १ जना अमिन | सदस्य |
| (छ) राजश्व शाखाका प्रमुख | सदस्य |

(ज) दफा ७ (२) बमोजिम गठन भएको कार्यदलले पेश भएको प्रारम्भिक वातावरणिय परिक्षण प्रतिवेदन विस्तृत अध्ययन गरी उपयुक्त देखिएमा गाउँकार्यपालिको कार्यालयमा सिफारिस गर्ने छ। कार्यदलको सिफारिस सहित प्राप्त भएको प्रतिवेदन गाउँपालिकक्का प्रमुखबाट स्वीकृत हुनेछ।

(४) एक रोपनी भन्दा कम क्षेत्रफल भएको जग्गा व्यवस्थापनको लागि गाउँपालिकाबाट खटिएको प्राविधिक टोलिले स्थलगत अध्ययन गरी गाउँपालिकामा पेश गरेको क्षेत्रफल र उत्खनन हुने परिमाण खुलेको प्रतिवेदन अनिवार्य हुनेछ

(५) प्रारम्धिक वातावरणिय परिक्षण वापत परामर्शदाताको परिश्रमिक जग्गाधनीले व्यहोर्नु पर्नेछ।

**८. इजाजत पत्र दिन सकिने अनुसुची १ को ढाँचामा अनुमतिपत्रः**

(क)  निजि जग्गा व्यवस्थापन गर्नेको लागि गाउँपालिका प्रमुखबाट स्वीकृत IEE प्रतिवेदन तथा संलग्न अन्य कागजातसहित गाउँपालिकामा प्राप्त भएको निवेदन उपयुक्त देखिएमा राजश्व शाखाबाट प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्नु पर्नेछ। प्रमुख प्रशासकीय अधिकृतले आफ्नो रायसहित गाउँपालिका प्रमुख समक्ष स्वीकृतका लागि पेश गर्नुपर्नेछ।

(ख) प्रमुख प्रशासकीय अधिकृतबाट पेश भएको प्रतिवेदन साविकै वा संशोधनसहित स्वीकृत गर्ने अधिकार गाउँपालिका प्रमुखमा रहनेछ।

(ग) गाउँपालिका प्रमुखबाट स्वीकृत भएमा गाँउकार्यपालिकाको कार्यालयले सम्बन्धित जग्गाधनीलाई निजि जग्गा व्यवस्थापन गर्न इजाजत प्रदान गर्नेछ।

(घ) जग्गा व्यवस्थापन गर्दा संकलन हुने ढुङ्गा गिठि बालुवा माटो आदि भण्डारण गर्नु पर्नेछ। सार्वजनिक सरकारी वा ऐलानी पर्ति जग्गामा भण्डारण गरेको पाइएमा गाउँपालिकाले जफत गरी लिलाम गर्न सक्नेछ।

(ङ) उत्खननबाट संकलन भएको ढुङ्गा गिट्ठि बालुवा माटो आदि ओसारपसार गर्नुपरेमा गाउँपालिकामा सुचिकृत फर्मसंग सम्झौता गरी गर्नुपर्नेछ।

**९. इजाजतको अवधीः**

(क) निजि जग्गा व्यवस्थापन गर्न प्रदान गरिएको इजाजतपत्रको अवधि एक आर्थिक वर्षको हुनेछ। तर इजाजतपत्र प्राप्त गरे तापनि इजाजतपत्र प्राप्त गरेको अवधिको असार १ गतेदेखि भदौ मसान्तसम्म निजि जग्गा व्यवस्थापन सम्बन्धी कुनै पनि कार्य गर्न पाइने छैन।

(ख) म्यादभित्र उत्खनन भएको ढुङ्गा गिट्ठि बालुवा माटो आदि असार मसान्तसम्म ढुवानी हुन नसकी मौज्दात रहन गएमा गाउँकार्यपालिकाको कार्यालयमा जानकारी गराइ परिमाण प्रमाणित गराउनु पर्नेछ। असार मसान्तमा मौज्दात प्रमाणित गरिएको ढुङ्गा गिट्ठि बालुवा माटो आदि भदौ मसान्तपछि मात्र ढुवानी गर्न पाइनेछ।

(ग) यस कार्यविधि लागु हुनुपुर्व उत्खनन भैसकेको ढुङ्गा गिट्ठि बालुवा माटो आदि खानीजन्य पदार्थ यो कार्यविधि लागु भएको १ एक महिनाभित्र सम्बन्धित जग्गा धनिले मौज्दात प्रामाणित गर्नु पर्नेछ।

**१०. शुल्क वा दस्तुर तिर्नुपर्नेः**

(क) निजि जग्गा व्यवस्थापन गर्न इजाजतपत्रका लागि निवेदन दिंदा रु १०००।– (अक्षरुपि एक हजार रुपैयाँ मात्र) निवेदन दस्तुर लिइनेछ। तर जग्गा व्यवस्थापन गर्दा संकलन भएका ढुङ्गा गिट्ठि बालुवा माटो आदि ढुवानी गर्दा ५ नं प्रदेश सरकारले तोकेको नदीजन्य पदार्थको दररेटमा मूल्य अभिवृदिकर तथा अग्रिम कर समेत थप गरि हुन आउने रकम ढुवानीका लागि इजाजत दिनु अगावै गाउँकार्यपालिकाको कार्यालयमा बुझाउनु पर्नेछ।

**११. व्यवस्थापन उत्खनन र ढुवानीमा रोग लगाउन सकिनेः**

(क) यस कार्यविधि बमोजिम इजाजत प्राप्त गरी जग्गा व्यवस्थापन गरिने स्थलको गाउँपालिकाबाट अनुगमन निरिक्षण गर्दा वा इजाजत प्राप्त गर्ने व्यक्तिले गरेको र ढुवानी सम्बन्धमा परेको उजुरीको छानविन गर्दा यस कार्यविधिको उल्लघन

भएको पाइएमा गाउँपालिकाले तत्काल उत्खनन तथा ढुवानी कार्यमा रोक लगाउन सक्नेछ र यसै कार्यविधिको दफा १५ बमोजिम दण्ड जरिवाना गर्न सक्नेछन ।

**१२. इजाजत पत्र रद्द गर्न सकिनेः**

(क) तोकिएको शर्त र समयसिमाभित्र कार्य प्रारम्भ र सम्पन्न नगर्ने व्यक्ति वा व्यवसायिलाई यस कार्यविधि बमोजिम प्रदान गरिएको इजाजतपत्र स्वतः रद्द हुनेछ ।

**१३. इजाजत लिने व्यक्ति वा संस्थाले पालना गर्नुपर्ने शर्तहरुः**

(क) इजाजतपत्र प्राप्त व्यक्ति वा संस्थाले गाउँपालिकाको कार्यालयबाट तयार गरी तोकि दिएको शर्तहरु अनिवार्य पालना गर्नुपर्नेछ ।

**१४. इजाजतपत्रको प्रतिलिपिः**

(क) इजाजतपत्र हराएमा नासिएमा वा कुनै कारणवश च्यातिएमा इजाजतपत्र प्राप्त व्यक्ति वा संस्थाले सोको प्रतिलिपि माग गर्न सक्नेछ ।

(ख) दफा १४ (क) बमोजिम प्रतिलिपि माग गरेमा गाउँपालिकाले रु १००० (एक हजार) दस्तुर लिई प्रतिलिपि दिनुपर्नेछ ।

**१५. दण्ड जरिवानाः**

(क) यस कार्यविधिको वर्खिलाप गर्नेलाई लुम्बिनी प्रदेश सरकारले तोकेको न्युनतम दस्तुरलाई आधार मानि दोब्बर विगो कायम गरिनेछ । विगो बरावरको रकममा त्यति नै अंकमा थप रकम योग गरी कायम हुन आउने कूल रकम बराबर प्रमुख प्रशासकीय अधिकृतले जरिवाना गर्ने सक्नेछन ।

**१६. पुनरावेदनः**

(क) प्रमुख प्रशासकीय अधिकृतले दफा १५ बमोजिम गरेको जरिवाना उपर चित्त नबुझ्ने पक्षले सो निर्णय भएको मितिले ३५ दिनभित्र गाउँपालिका समक्ष पुनरावेदन गर्न सक्नेछ ।

**१७. अनुगमन तथा निरिक्षण सम्बन्धी व्यवस्थाः**

(क) गाउँपालिकाको प्रमुख- उपाध्यक्ष सम्बन्धित वडाको वडा अध्यक्ष प्रमुख प्रशासकीय अधिकृत वा उहाँहरुले खटाएको कर्मचारी वा टोलीले व्यवस्थापन गर्न अनुमति पाएको जगाको जुनसुकै बखत अनुगमन गर्न सक्नेछ । अनुगमन गर्दा यस कार्यविधि विपरित कार्य गरेको पाइएमा तत्काल कार्य रोक्का गरी कारवाहीको लागि सिफारिस गर्न सक्नेछ

**१८. कार्यविधि व्याख्या, विश्लेषण तथा अन्य व्यवस्थाः**

(क) यस कार्यविधिको व्याख्या गर्ने अधिकार गाउँपालिकामा रहनेछ।

(ख) यस कार्यविधिको कुनै प्रावधानहरु, संविधान,संघिय सरकार तथा प्रदेश सरकारका कानूनसंग बाझिएको हदसम्म स्वतः अमान्य हुनेछ।

(ग) यस कार्यविधि संशोधन गर्नुपरेमा दफा ७ को उपदफा (२) बमवजिम गठित कार्यदलको सिफारिसमा गाउँपालिकाले गर्न सक्नेछ।

**१९. विविधः**

(क) उत्खनन गरिने जग्गामा डाले घाँस प्रजातिका बाहेक अन्य साल सिसौ खयर आदि प्रजातिका विरुवा पर्ने भए इलाका वन डिभिजन कार्यालयसंग समन्वय गरी रुख कटान आदेश लिनुपर्नेछ। रुख कटानीबाट प्राप्त हुने राजश्व संघीय वन ऐन बमोजिक दाखिला गर्नु पर्नेछ।

**अनुसूची-१**

**खण्ड १ को दफा २ (घ) संग सम्बन्धित एवं खण्ड ३ को दफा २ (ख) संग सम्बन्धित**

**सिस्ने गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय**

**लुम्बिनि प्रदेश नेपाल**

**प.स**

**च.नं.** **मितिः**

**श्री जो जस संग सम्बन्धित छ ।**

**विषयःमाटो उत्खनन गरि ढुवानी गर्ने अनुमति दिइएको ।**

प्रस्तुत विषयमा ........................................................ को नाममा दर्ता कायम रहेको सिस्ने गाउँपालिका वडा नं. ............... को साविक ................................गाविस वडा नं...........कित्ता नं. ...................को जग्गा क्षेत्रफल ..........।.............बाट देहाय बमोजिमको शर्तको अधिनमा रही माटो उत्खनन गरी ढुवानी गर्ने अनुमति दिइएको व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराइन्छ ।

तपसिल

(१) अनुमति लिने मुख्य व्यक्तिको नामः

ठेगानाः

सम्पर्क नं.

(२) माटो उत्खनन गर्ने जग्गाको चारैतर्फका संघियारहरु

पूर्वतर्फ.................................पश्चिम तर्फ

उत्तर तर्फ.........................दक्षिण तर्फ

(३) उत्खनन गरि ढुवानी गर्ने अनुमाणित परिमाण

- १०० घ फिटको टोलिबाट...............................ट्रिप...................................घना फिट
- ३०० घ फिटको ट्रक टिप्परबाट......................ट्रिप ६ चक्के .............................घना फिट
- ४०० घ फिटको टिपरवाट ..........................ट्रिप १० चक्के ..................घना फिट
- ५०० घ फिटको टिपरबाट...............................ट्रिप हाइभा.........................घना फिट

(४) राजश्व बुझाएको विवरण

(क) प्राकृतिक स्रोत (माटो) को राजश्व प्रतिघना फुट २ का दरले रु......................

(ख) पर्यावरण तथा बाटो मर्मत दस्तुर प्रति

ट्रालि/ट्रक/ टिपर रु........का दरले रु...................

मिति........................र नं................बाट बुझाएको जम्मा राजश्व रु...............

(५) उत्खनन गरि ढुवानी गर्ने अवधि......................देखि.........................सम्म

(६) उत्खनन र ढुवानीमा प्रयोग हुने साधनहरु

(७) ढुवानी गरि लैजाने स्थान र प्रयोग हुने मुख्य बाटो

बोधार्थ

नोटः ढुवानीका साधन हेरफेर गर्नुपरेमा वा ढुवानी गर्ने म्याद समाप्त भएमा यसै कार्यालयलाई जानकारी गराई अनुमति लिनुपर्नेछ।

प्रमाणिकरण मिति २०७८।०९।१९

## खण्ड ३

## ढुवानी सम्बन्धी व्यवस्था

(१) वार्षिक अनुमति लिनुपर्ने

निजि जग्गाबाट उत्खनन गरिने पदार्थ ढुवानी गर्न चाहाने सवारी भनीले राजश्व बुझाई गाउँपालिकाबाट तोकिएको चालु आ.व का लागि अनुमति लिनुपर्ने

(२) अनुमति सम्बन्धि प्रकृयाः

(क) यस्तो अनुमति लिनका लागि आफ्नो सवारी साधनको कागजातहरुको फोटोकपि सहित निवेदन पेश गर्नुपर्नेछ।

(ख) गाउँपालिका कार्यालयले अनुसुची १ बमोजिमको ढाँचामा अनुमति दिनुपर्ने

(३) ढुवानी गर्ने सवारी साधनले टोलीमा त्रिपालले राम्रो संग छोपेर र धुलो नउडाइकन ओसारपसार गर्नु पर्नेछ।

## खण्ड ४

## राजश्व सम्बन्धी व्यवस्था

(१) निजि जग्गा वा पोखरीको माटो उत्खनन तथा ओसारपसार गर्नेका लागि देहाय बमोजिम राजश्व बुझाउनुपर्नेछ।

(क) उत्खनन माटो प्रति घना फुट रु २।-

नदीजन्य पदार्थ प्रति घनाफुट रु ६।-

(ख) ढुवानीमा माटो मर्मत संम्भार तथा प्रति टोली रु ५०।-

पर्यावरण शुल्क प्रति ट्रक/ टिप्पर रु १५०।–

प्रति १० चक्के रु २००।–

(ग) सवारी साधन दर्ता ट्र्याक्टर वार्षिक रु ५०००।–

टिप्पर वार्षिक रु ८०००।–

हाईवा वार्षिक रु १२०००।–

भारीयन्त्र बार्षिक रु २५०००।-

(२) माथि १ मा जुनसुकै कुरा लेखिएको भएतापनि पोखरी बनाई बढी भएको माटो ढुवानी गर्नुपरेमा ढुवानी गर्ने परिमाणमा मात्र रु २।- राजश्व लाग्नेछ।

(३) यसै गरी यो कार्यविधि लागु भएको पहिलो आर्थिक बर्ष १ (ग) बमोजिमको दरमा ५०% मात्र राजश्व बुझाएर दर्ता गर्ने सकिनेछ।